ネパール語（NP）

**सङ्कटकालमा अपनाइने उपायहरूको सुदृढीकरण तथा**

**फुकुओका प्रान्त नयाँ कोरोना भाइरस भ्याक्सिन क्षेत्रीय खोप केन्द्र स्थापनाबारे**

2021 साल मे 20 तारिख (बिहीबार) घोषित

सङ्कटकालमा अपनाइने उपायहरूको कार्यान्वयन सुरु भएको 8 दिन भइसक्यो। अत्यावश्यकबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन र पसल बन्द गर्न वा व्यापार समय छोट्याउनजस्ता गरिएको कडा आग्रहको बाबजुद पनि धेरै प्रान्तवासी तथा उद्यमी महानुभावहरूले समझदारी देखाउनुभएकोमा र सहयोग गर्नुभएकोमा मनैदेखि धन्यवाद दिन चाहन्छौँ।

आज नयाँ कोरोना भाइरस सङ्क्रमण रोग रोकथाम तथा नियन्त्रण टास्क फोर्सको बैठकमा धेरै ग्राहक आउने सुविधाहरूलाई शनिबार र आइतबार सुविधा बन्द गर्न आग्रह गर्ने निर्णय गरियो।

**सङ्कटकाल घोषणा पछि बाहिर निस्केका मानिसहरूको सङ्ख्या (तेन्जिन)**

| दिउँसो 3 बजे | 2020 साल अप्रिल | 2021 साल जनवरी | 2021 साल मे |
|---|---|---|---|
| सप्ताहान्त बाहेकको दिन (शुक्रबार) | -44.5% | -19.2% | -25.8% |
| शनिबार, आइतबार (औसत) | -71.5% | -36.1% | -38.8% |

※2020 साल जनवरी-फेब्रुअरीमा सङ्कटकाल घोषणा जारी तुरुन्तै पछि बाहिर निस्केका मानिसहरूको सङ्ख्यासित तुलना गरेको डाटा। स्रोतः Agoop

○ ती सुविधाहरूमा आउने मानिसहरूको सङ्ख्या सोमबारदेखि शुक्रबारसम्मका दिनहरू अनि शनिबार र आइतबार पनि जनवरी महिनामा सङ्कटकाल लगाएको बेलाभन्दा घटेको छ तर पोहोर

सालको अप्रिल महिनामा सङ्कटकाल लगाएको बेलाको तुलनामा उल्लेखनीय वृद्धि भएको छ।

नयाँ पोजेटिभ सङ्क्रमितको सङ्ख्या मे 12 तारिख (बुधबार) मा सबभन्दा बढी 634 जनासम्म पुगेपछि पछिल्लो 4 दिनमा अघिल्लो हप्ताको एउटा बारको सङ्ख्याभन्दा कम भयो। तैपनि मे 19 तारिख (बुधबार) मा 500 जनासम्म बढेको जस्ता कुराहरूले अहिले पनि नयाँ पोजेटिभ सङ्क्रमितको सङ्ख्या अतिउच्च स्तरमा रहेको छ।

चिकित्सा सेवा प्रदान प्रणालीबारे भन्नुपर्दा अस्पतालको बेड प्रयोग दर मे 19 तारिख (बुधबार) मा 77.5%, जसमध्ये सिकिस्त बिरामीको लागि बेडको बेड प्रयोग दर 52.5% रहेको छ।

तत्कालै अस्पतालमा भर्ना हुनुपर्ने व्यक्ति भर्ना हुने नपाएको अवस्था छैन तर नयाँ पोजेटिभ सङ्क्रमितको सङ्ख्या उच्च भएको केही समयपछि भर्ना हुने बिरामीको सङ्ख्या उच्च हुने देखिन्छ।

हालको सङ्क्रमण स्थिति यस्तै रह्यो भने अवस्था एकदमै गम्भीर हुनेछ भन्ने चिन्ता छ।

यस पटकको सङ्क्रमणको लहर अगिल्लो लहरभन्दा बढ्ता भयवाह रहेको छ र पहिलेको प्रजातिको तुलनामा सङ्क्रमण शक्ति बढी भएको भेरियन्ट तीव्र गतिमा फैलिँदै गएकोले बाहिर निस्किने व्यक्तिको सङ्ख्या अझै घटाउनुपर्छ।

अहिले चलिरहेको सङ्कटकालमा अपनाइने उपायहरू जसरी भए पनि अन्त्य गर्नको निम्ति धेरै ग्राहक आउने सुविधाहरूको लागि नयाँ उपायहरू निर्धारण गरियो।

【नयाँ उपायहरू】

# धेरै ग्राहकहरू आउने सुविधा (1,000m² वा सोभन्दा बढी)

व्यापारिक सुविधा, मनोरञ्जनात्मक खेल आर्केड, मनोरञ्जन सुविधा भएको पसल, सेवा व्यवसाय

मे 22 तारिख (शनिबार) पछिको शनिवार र

आइतबार पसल र सुविधा बन्द गर्नुहोस् !

○ फ्लोरको क्षेत्रफल 1,000 m² वा सोभन्दा बढी भएको र धेरै ग्राहक आउने सुविधाहरू जस्तै :

・डेपार्टमेन्ट स्टोर, सपिङ सेन्टरजस्ता "व्यापारिक सुविधाहरू (जीवनयापनको लागि अत्यावश्यक सेवाहरूबाहेक)",

・पाचिन्को पसल, गेम सेन्टरजस्ता "मनोरञ्जनात्मक खेल आर्केड",

・घोडा दौड र डुङ्गा दौड, ट्र्याक बाहिर बाजी थाप्ने टिकट काउन्टरजस्ता "मनोरञ्जन सुविधा भएको पसल"

・सुपर सेन्टो (सार्वजनिक स्नानगृह), ब्युटी सैलुनजस्ता "सेवा व्यापार (जीवनयापनको लागि अत्यावश्यक सेवाहरूबाहेक)"

उक्त सुविधाहरूमा सङ्कटकालका उपायहरू कार्यान्वयन अवधिभित्र बेलुका 8 बजेसम्ममा व्यापार समय छोट्याउनुका साथै मे 22 तारिख (शनिबार) देखि शनिबार र आइतबार पनि पसल बन्द गर्न अनुरोध गर्छौं। सहयोग गरेका धेरै ग्राहक आउने सुविधालाई सहयोग रकम भुक्तानी गरिनेछ।

साथै उक्त सुविधाहरूको दायरामा नपरे पनि सुविधाभित्र र बाहिर मानिसहरूको भीडभाड हुन नदिन सुविधामा प्रवेश गर्ने मानिसहरूको समायोजन र मार्गदर्शन गर्ने पूर्ण प्रयास गर्नुहुन अनुरोध गर्छौं।

【कार्यस्थलमा आउने कामदारको सङ्ख्या घटाउने】

बाहिर निस्किने मानिसहरूको सङ्ख्या घटाउन घरबाट अफिसको काम गर्नेजस्ता व्यवस्थालाई कडाइका साथ लागू गर्नु पनि आवश्यक छ।

उद्यमी महानुभावहरूलाई कार्यस्थलमा आउने कामदारको सङ्ख्या 70% घटाउने लक्ष्य राखी घरबाट अफिसको काम गरेर (टेलिवर्क) अफिसमा आउनुपर्ने अवस्था भए पनि कामदारहरू अफिसमा आउने समय फरक-फरक बनाउनेजस्ता मानिसहरूसँगको सम्पर्क कम गर्ने प्रयासलाई कडाइका साथ अघि बढाउनुहोस्।

फुकुओका प्रान्त कार्यालयमा पनि सङ्क्रमण नियन्त्रण तथा बालबालिका मार्गदर्शन कार्यालयजस्ता प्रान्तवासीको ज्यान तथा सम्पत्ति सुरक्षित गर्न अत्यावश्यक काममा कार्यरत कर्मचारी आदिबाहेक अरू कर्मचारीहरूलाई घरबाट अफिसको काम गराउने वा बिदा दिने आदि उपाय अपनाएर कार्यालयमा आउनेहरूको सङ्ख्या घटाउने प्रयास गर्दै जाँदा मे 14 तारिख (शुक्रबार) मा 67.5% अर्थात् लगभग सत्तरी प्रतिशतजतिको सङ्ख्या घटाउन सफल भएको अवस्था देखिन्छ। त्यसैले उद्यमी महानुभावहरूलाई पनि सहयोग गर्नुहुन अनुरोध गर्छौं।

# प्रान्त बीचको सिमा नाघ्नुपर्ने यात्रा नगर्नुहोस् !



○यसपटक डेपार्टमेन्ट स्टोर, पाचिन्को पसल आदिलाई शनिबार र आइतबार पसल बन्द गर्ने आग्रह गरिएकोले मानिसहरू सँगैको प्रान्तहरूमा गएर पसलहरू प्रयोग गर्नेबारे चिन्ता गरिएको छ। हिजो गठन गरिएको क्युस्यु प्रान्तप्रमुख सङ्घमा पनि प्रत्येक प्रान्तको प्रमुखसित अत्यावश्यकबाहेक अनावश्यक रूपमा प्रान्तबीचको सिमा ननाघ्न संयमित हुने कुरामा सहमति भयो।

प्रान्तवासीका महानुभावहरूलाई अत्यावश्यकबाहेक अनावश्यक रूपमा प्रान्तबीचको सिमा नाघ्नुपर्ने यात्रा नगर्न अनुरोध गर्छौं।

# प्रान्तवासी महानुभावहरूलाई अनुरोध

# दिनको समयमा समेत अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुने

○ साथै अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुने सन्दर्भमा दिनको समयमा लगायत कडाइका साथ पालना गर्ने प्रयासलाई निरन्तरता दिनुहोस्। घरबाहिर निस्किन लाग्दा एकछिन रोकेर अहिले बाहिर जानु साँच्चै आवश्यक छ कि छैन भनेर विचार गरी समाजको एक सदस्यको रूपमा होसियारीसाथ जिम्मेवार व्यवहार गर्नुहुन अनुरोध गर्छौं।

【चिकित्सा सेवा प्रदान प्रणाली】

# चिकित्सा सेवा प्रदान प्रणाली

**बेड**

**1,206** वटा

तीमध्ये सिकिस्त बिरामीको लागि बेड (158 वटा)

लक्ष्य 1,220 वटा

**स्वास्थ्यलाभको लागि आवास सुविधा**

**1,734** वटा कोठा

केही दिन भित्र अझै 2 सुविधा सुनिश्चित हुने

लक्ष्य 2,000 वटा कोठा

○ फुकुओका प्रान्तमा थप नयाँ कोरोना सङ्क्रमितहरूको लागि प्रयोग गरिने बेडको सन्दर्भमा अप्रिल 19 तारिख (बुधबार) को समयमा 802 वटा बेड थियो भने त्यसपछि थप्ने प्रयास गर्दै जाँदा अहिले 1,206 वटा बेड सुनिश्चित गरिएको छ। तीमध्ये सिकिस्त बिरामीको लागि बेड 111 वटाबाट थपिएर 158 वटा भएको छ।

स्वास्थ्यलाभ गर्न बस्ने आवास सुविधाको लागि मे महिनादेखि थप दुई वटा सुविधा सुरु भएर कोठाको कुल सङ्ख्या 1,734 वटा भयो।

बेडको सङ्ख्या भने 1,220 वटाको लक्ष्य राख्दै आपत्कालीन अवस्था हुने सम्भावनालाई मध्यनजर गरी 1,480 वटा सुनिश्चित गर्नेछौँ। स्वास्थ्यलाभ गर्न बस्ने आवास सुविधाको कोठाको सङ्ख्या 2,000 वटा सुनिश्चित गर्ने लक्ष्य राख्दै प्रयास गर्नेछौँ।

【फुकुओका प्रान्त क्षेत्रीय खोप केन्द्र】

# फुकुओका प्रान्त क्षेत्रीय खोप केन्द्र

**फुकुओका प्रान्तीय विश्वविद्यालय**

(स्थान: तागावा सहर)

**स्वास्थ्य सेवा व्यवस्थापन कलेज**

(स्थान: मियामा सहर)

विस्तृत जानकारी पछि दिइनेछ

## जून महिनाको सुरुतिरदेखि नाम लेखाउने काम सुरु

○नयाँ कोरोना भाइरसविरुद्ध लड्ने शक्तिशाली उपायको रूपमा प्रतीक्षा गरिएको भ्याक्सिनको विषयमा भन्नुपर्दा सहर तथा गाउँहरूमा जुलाई महिनाको अन्त्यसम्ममा वृद्धवृद्धालाई खोप लगाउन सकाउने लक्ष्य राखिएको छ।

फुकुओका प्रान्तमा खोप लगाउने इच्छा देखाएका प्रान्तवासी वृद्धवृद्धालाई जुलाई महिनाको अन्त्यसम्ममा खोप लगाउन सकियोस् भनेर दुई ठाउँमा "फुकुओका प्रान्त क्षेत्रीय खोप केन्द्र" स्थापना गर्ने निर्णय गरिएको छ।

खोप केन्द्र तागावा सहरस्थित "फुकुओका प्रान्तीय विश्वविद्यालय" र मियामा सहरस्थित "स्वास्थ्य सेवा व्यवस्थापन कलेज"-मा व्यवस्था गरिनेछ।

दुवै केन्द्रमा प्रत्येक दिन अधिकतम 1,000 जनालाई खोप लगाउन सक्ने ठाउँ मिलाई मोडर्ना भ्याक्सिन दुई मात्रा (पटक) लगाउने योजना छ।

लक्षित व्यक्तिहरू कुनै सहर तथा गाउँको बासिन्दा वृद्धवृद्धा हुन्, जहाँ जुलाई महिनाको अन्त्यसम्म भ्याक्सिन लगाउन मुस्किल छ वा सामूहिक रूपमा खोप लगाउने प्रबन्ध मिलाउन आवेदन दिइएको छ।

खोप केन्द्रसम्म पुर्‍याउने यातायात सुविधा पनि सुनिश्चित गरी प्रदान गरिनेछ। जून महिनाको सुरुदेखि नाम लेखाउने काम गर्न सकियोस् भनेर अहिले तयारी गरिँदै छ। विस्तृत जानकारी केही दिनपछि दिइनेछ।

प्रान्तवासी तथा उद्यमी महानुभावहरूमा पर्न जाने कठिनाइ तथा असुविधाको लागि क्षमाप्रार्थी छौँ र सङ्क्रमण नियन्त्रणको निम्ति समझदारी तथा सहयोगको लागि अनुरोध गर्दछौँ।